# नवयात्रा बहुउद्धेश्यीय सहकारी संस्था लिमिटेड
# काठमाण्डौ, नेपाल
# सञ्चालक समितिको प्रतिवेदन

नवयात्रा बहउद्धेश्यीय सहकारी संस्थाको तेस्रो वार्षिक साधारण सभाका प्रमुख अतिथि नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का आदरणीय महासचिव, यस सहकारीका संस्थाका परिकल्पनाकार एवं मार्गनिर्देशक कार्यक्रममा उपस्थित अन्य अतिथिगण, शेयर सदस्य तथा अन्य महानुभावहरु सबैमा सर्वप्रथम संस्थाको तर्फबाट न्यानो स्वागत सहित हार्दिक अभिवादन व्यक्त गर्दछुँ !

आदरणीय शेयर सदस्य ज्यूहरु तथा उपस्थित अन्य महानुभावहरु

हामी यस नवयात्रा बहुउद्धेश्यीय सहकारी संस्थाको तेस्रो वार्षिक साधारण सभामा जुटिरहेका छौं । संस्थाले हालसम्म गरेका कार्यक्रमहरुको प्रगति समिक्षा सहित संस्थालाई आगामी दिनमा कस्तो बनाउने भन्ने कुराको फैसला गर्ने नीति, कार्यक्रम र बजेट पारित गर्नुपर्ने महत्वपूर्ण अवसरमा हामी उपस्थित छौं । साथै संस्थाको सञ्चालक तथा लेखा समितिको निर्वाचन मार्फत नयाँ समिति चयन गर्ने एजेण्डा सहित यो साधारण सभा सम्पन्न गर्न गइरहेका छौं ।

उपस्थित महानुभावहरु, यो साधारण सभालाई केवल हाम्रो संस्थाको मात्रै साधारसभाको रुपमा सिमित राख्नु हुदैन । समग्र सहकारी आन्दोलनको र यसको भविष्यका साथै आन्दोलनमा देखा परेका सकारात्मक तथा नकारात्मक पक्षका बारेमा पनि बिचार बिमर्श गर्दै सहकारी आन्दोलप्रतिको हाम्रो दृष्टिकोणलाई अझ स्पष्ट गर्ने अवसरको रुपमा पनि यो सभालाई प्रयोग गर्नुपर्दछ । यस कुरालाई मध्यनजर गर्दै सहकारी आन्दोलनको बिकासक्रमका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय महत्वका घटनाक्रमलाई संक्षेपमा उल्लेख गर्न चाहन्छुँ ।

सहकारी आन्दोलनको अन्तर्राष्ट्रिय इतिहास :

सहकारी आन्दोलनको अन्तर्राष्टिय इतिहास १९ औं शताब्दीको मध्यतिर युरोपमा औद्योगिक क्रान्तिको समयमा मजदुरहरुले भोग्नुपरेको शोषण, असमानता र गरिबी बिरुद्धको प्रतिक्रियाको रुपमा सुरु भएको थियो । युरोपको औद्योगिक क्रान्तिले समाजमा पुजीपति र मजदुरबर्गको उदय भयो । उक्त बर्ग बिभाजनले पुजीपत बर्गद्धारा मजदुरहरुमाथि चरम शोषण हुन थालेपछि त्यसका बिरुद्ध औद्योगिक मजदुरहरु एक आपसमा संगठित भई आफ्ना आर्थिक, सामाजिक र सास्कृतिक आवश्यकताहरु परिपुर्ति गर्ने उद्धेश्यले सहकारी संस्थाको प्रारम्भ भएको थियो । उत्पादनका साधनहरुमाथिको असमान वितरण र स्वामित्वको कारण पैदा हुने शोषणलाई समाधान गर्न सहकारी आन्दोलनले सामुहिक अर्थात समाजको स्वामित्व कायम गर्ने कुराको वकालत गर्ने भएकोले नै सहकारी अभियानलाई समाजबादी आन्दोलन पनि भनिन्छ । त्यसकारण सहकारी आन्दोलनले पुजीबादी उत्पादनसम्बन्ध र पुजीबादी अर्थतन्त्रको विकल्पमा समाजबादी उत्पादनसम्बन्ध र समाजवादी अर्थतन्त्रको निर्माण गर्न महत्वपूर्ण भूमिका खेल्दछ ।

**सहकारी आन्दोलनका प्रमुख अन्तर्राष्ट्रिय चरणहरुः**

- प्रारम्भिक पहल (सन् १७०६ -१८२०) : सहकारीको सबै भन्दा प्रारम्भिक रेकर्ड १७६१ मा सकटल्याण्डको फेनविकमा फेनविक वीभर्स सोसाइटकिो रुपमा पाइन्छ, जहाँ स्थानीय बुन्नेहरुले सस्तोमा सामान बेच्न सुरु गरेका थिए । रोबर्ट ओवेनलाई सहकारी आन्दोलनका पिता मानिन्छ । जसले स्कटल्याण्ड र अमेरिकामा प्रारम्भिक सहकारीहरुको स्थापना गरेका थिए ।
- आधनिक सहकारीको जग (१८४४) : आधुनिक सहकारी आन्दोलनको जग बसाउने काम रोचडेल पायोनियर्सले बेलायतबाट सुरु गरेका थिए । बेलायतको रोचडेल सरहका २८ जना औद्योगीक मजदुरहरुले खराब गुणस्तरको खाना र महंगो मूल्यको विकल्प प्रदान गर्न एक उपभोक्ता पसल स्थापना गरे । उनिहरुले नाफा बाँडफाँड गर्ने र एक सदस्य, एक भोटको प्रजातानित्रक नियन्त्रण सहितका सिद्धान्तहरु बिकास गरे, जुन आजको विश्वब्यापी सहकारी सिद्धान्तहरुको आधार बनेका छन । बेलायतको रोचडेल इक्वीटेबल पायोनियर्स सोसाइटी नै विश्वको पहिलो आधुनिक सहकारी संस्था मानिन्छ ।
- विश्वब्यापी विस्तार ( १९ औं शताब्दीको उत्तरार्ध) : रोचडेल मोडल सफल भएपछि, यो अवधारणा युरोपभर र उत्तरी अमेरिका, भारत र जापान लगायत विश्वका अन्य भागहरुमा फैलियो । जर्मनीमा फ्रेडरिक विल्हेल्म रायफाइजेन र फ्रान्ज हर्मन शुल्ज डेलिट्चले स्वतन्त्र रुपमा कृषि र ऋण सहकारीको बिकास गरे ।
- अन्तर्राष्ट्रिय सहकारी महासंघ (आइसिए) : सहकारी आन्दोलनको अन्तर्राष्ट्रिय विस्तारलई संस्थागत गर्न, १८१५ अगस्ट १९ मा लण्डनमा अन्तर्राष्टिय सहकारी महासंघ ( आइसिए)को स्थापना भयो । यसको उद्धेश्य सूचना आदानप्रदान गर्ने, सहकारी सिद्धान्तहरु परिभाषित गर्ने र सहकारीको अन्तर्राष्ट्रिय ब्यापार बिकास गर्ने थियो ।
- आइसिएले गरेको सहकारीको परिभाषा :
- आइसिएले प्रतिपादन गरेका सहकारीका अन्तर्राष्ट्रिय सात सिद्धान्तहरु :
- स्वेच्छिक तथा खुला सदस्यता
- सदस्यहरुद्धारा लोकतान्त्रिक नियन्त्रण
- सदस्यहरुको आर्थिक सहभागिता
- स्वायत्तता र स्वतन्त्रता
- शिक्षा, तालिम र सूचना
- सहकारीहरुबीच पारस्परिक सहयोग
- समुदायप्रचि चासों
- हाल सहकारी आन्दोलनले विश्वभरका ३० लाख सहकारी संस्थाहरु मार्फत कम्तिमा १२ प्रतिशत मानव जातिलाई समेट्दछ । आज विश्वभरको सबै भन्दा ठूलो संगठित सञ्जाल नै सहकारी सञ्जाल हो । जसले निष्पक्षता, समानता र सामाजिक न्यायलाई बढावा दिन्छ ।

**नेपालमा सहकारीको विकासका चरणहरु :**

प्राचिन कालदेखी नै नेपालमा सहकारिताको विकास ऐचौ. पैचों, पर्म, गुठी, ढुकुटी, भकारी आदि सहकार्यको नामबाट सुरुवात भएको पाइन्छ । अर्को शब्दमा भन्ने हो भने नेपाली समाजको सामाजिक सहकार्य नै सहकारीको प्रारम्भिक र मौलिक माडेल पनि हो । औपचारिक तवरबाट भने नेपालमा बि.सं. २०१० सालमा योजना बिकास तथा कृषि मन्त्रालयको मातहतमा सहकारी बिभागको स्थापना भएको थियो । बि.सं. २०१३ साल चैत्र २० गते चितवनको बखानपुरका बाढी पिडितको उद्धार र राहतका लागि बखान सिंह गुरुङको नेतृत्वमा बखान ऋण सहकारी गठन भएको थियो । नेपालको सहकारी अभियानको इतिहासमा यो नै संगठित र आधुनिक सहकारीको पहिलो संस्था मानिन्छ । बखान ऋण सहकारीको स्थापनाको दिन चैत्र २० गतेलाई नेपालमा राष्ट्रिय सहकारी दिवसको रुपमा मनाउने गरिन्छ ।

बखान ऋण सहकारीको स्थापना पश्चात सोही बर्ष बखान ऋण सहकारी गरि १३ वटा प्रारम्भिक सहकारीहरु गठन भएका थिए । सहकारीको बिश्वब्यापी फैलावटसंगै दक्षिण एसिया खास गरि भारतमा सहकारी संस्थाहरुको तिब्रत्तर बिस्तारबाट नेपालमा पनि यसको प्रत्यक्ष प्रभाव परेको देखिन्छ । यसै शिलशिलामा बिपि कोइराला नेतृत्वको सरकारले सहकारीको संस्थागत कानुनी व्यवस्था गर्न सहकारी संस्था ऐन २०१६ जारी गरि लागु गऱ्यो । तर नेपालमा पञ्च्यायती व्यवस्थाको प्रादुर्भावसंगै सहकारी संस्थालाई राज्यले नियमन र नियन्त्रण गर्ने नाममा बि.सं. २०१८ सालमा सहकारी संघ संस्था सञ्चालन नियमावली २०१८ जारी गरियो । २०१९ मा सहकारी प्रशिक्षण केन्द्र स्थापना गरियो । बि.सं २०२० सालमा सहकारी बैंक स्थापना गरियो । तर २०२४ सालमा कृषि बिकास बैंकको स्थापना सँगै सहकारी बैंकलाई कृषि बिकास बैंकमा गाभेर सहकारीको सम्पूर्ण व्यवस्थापन कृषि बिकास बैंकलाई दिएको पाइन्छ । यसरी पञ्च्यायती व्यवस्थाको क्रममा नेपालमा सहकारी आन्दोलन संकुचित हन पुगेको देखिन्छ । पुनः २०३७ सालमा सहकारीलाई साझा सहकारीको रुपमा परितर्न गरि संविधानमा समेत समावेश गरियो । बि.सं. २०४१ सालमा साझा संस्था ऐन र २०४३ सालमा साझा संस्था नियमावली २०४३ जारी भयो । प्रजातन्त्रको पूनर्वहाली पश्चात २०४८ सालमा सहकारी ऐन २०४८ र २०४९ मा सहकारी सहकारी नियमावली २०४९ जारी गरियो । २०५० साल अषाढ ६ गते नेपालको सहकारी आन्दोलनको शिर्षस्थ निकाय राष्ट्रिय सहकारी महासंघ स्थापना गरियो ।

नोलमा गणतन्त्रको स्थापनापछि सहकारी संघ संस्था नियमनको लागि नेपाल सरकारद्धारा बि.सं. २०६८ बैशाख १ गते सहकारी अनुगमन तथा नियमन मादण्ड २०६८ जारी गरियो ।। २०६९ जेठ ५ मा छुट्टै सहकारी तथा गरिवी निवारण मन्त्रालयको स्थापना गरि २०६९ मा राष्ट्रिय सहकारी नीति जारी गरियो । यस अवधिमा नेपालमा व्यापक सहकारी संस्थाहरुको स्थापना भयो ।

सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र बिकास मार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने परिकल्पना गर्दे नेपालको संविधान २०७२ मा राज्यको अर्थनीतिमा सहकारीलाई तेस्रो खम्बाको रुपमा परिभाषित गरिएकोछ । समाजबाद उन्मुख अर्थतन्त्रको परिकल्पना गरिएकोछ । तर राज्यले सहकारीलाई जुन महत्वका साथ संवर्धन र सहयोग गरेर जानुपर्थ्यो त्यो नभएको स्पष्टै छ । नेपाल संघीय संरचनामा प्रवेश गरेपश्चात केन्द्र, प्रदेश र स्थानीय गरि तीनै तहका सरकारले सहकारी ऐन नियमावली बनाई लागु गरेका छन ।

**हाल नेपालमा सहकारीहरुको तथ्यांक**

बचत तथा ऋण सहकारी संस्थाहरुः १३५७८ बहुउद्धेश्यीय सहकारी संस्थाहरु : ४३७१

कृषि : १०९२१ दुग्धः १६५८ उपभोक्ता :१४२३ बिद्युत :४६३ तरकारी तथा फलफुल : १९३ जडिबुटी : १८६ स्वास्थ्य : १२८ सञ्चार :१४३ अन्य बिभिन्न सहकारीहरु : १४४८ गरि जम्मा ३४५१२ सहकारी संस्थाहरु रहेका छन् ।

यी सम्पूर्ण सहकारीहरुमा कुल शेयर पुजी रु ७३ अर्ब १७ करोड ८७ लाख १५ हजार रहेको छ भने बचत निक्षेप रु ३,०२,१६,४५,१३००० रहेको छ । कुल ऋृण लगानी रु. २,७३,७१,०४,३९००० रहेकोछ ।

सहकारी संस्थाहरुमा आबद्ध सदस्य संख्याः ६३,०५,५८१ जना जम्मा कर्मचारी संख्या ६०५१७

**नवयात्रा बहुउद्देश्यीय सहकारी : सामान्य परिचय**

नवयात्रा बहुउद्धेश्यीय सहकारी संस्था लि. २०७९ साल मंसिर १३ गते स्थापना भई २०७९ साल चैत्र २९ गते बागमती प्रदेश सरकार भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालय हेटौंडामा दर्ता भएको संस्था हो । संस्थाको कार्यालय महाराजगञ्जमा रहेको छ । संस्था दर्ताको समयमा ७२ जना आवेदक शेयर सदस्यहरुबाट सुरुवात भएको यस संस्थाको हालको जम्मा सदस्य संख्या ३६५जना रहेकोछ । संस्थाको कार्यक्षेत्र काठमाण्डौ र ललितपुर जिल्ला रहेको छ संस्थाको सञ्चालक समिति ७ सदस्यीय र लेखा समिति ३ सदस्यीय रहने गरि विनियममा व्यवस्था गरिएकोछ । यस्तै विनियममा कुल शेयर पुजीँ १ करोड कायम गरिएकोछ भने सदस्य बन्नका लागि रु. १००० प्रवेश शुल्क रु.१००० न्युनतम बचत रु १००० को शेयर खरिद गर्नुपर्ने व्यवस्था गरिएकोछ ।

**स्थापनाको सन्दर्भ र पृष्ठभूमि**

यो सहकारी स्थापनाको सन्दर्भ नेपालमा अन्य कुनै पनि सहकारीको इतिहाससँग मेल खादैन । मुलुकमा समाजबादी व्यवस्था स्थापनाको लागि संघर्षरत साबिकको नेपाल कम्युनिष्ट पार्टी (हालको नेकपा माओवादी) ले आफ्नो अर्थराजनीतिक कार्यक्रममा उत्पादन संघर्षलाई पनि मुख्य कार्यक्रमको रुपमा अगाडी सारेपछि वित्तीय पुजी निर्माण र परिचालनका लागि संस्थाको आवश्कतालाई बोध गरी यो संस्था स्थापना गरिएको हो ।

२०७८ सालको भदौ महिनादेखी संस्था स्थापनाको लागि पार्टी केन्द्रको निर्देशन र उपत्यका पार्टीसँगको सहकार्यमा आवश्यक काम सुरु गरियो । सहकारी दर्ताको लागि गर्नुपर्ने पहिलो भेला २०७८ सालको मंसिर १३ गते आदरणीय माइला लामाको उपस्थिती र बागमती प्रदेश सहकारी मन्त्रालयका सहकारी अधिकृत प्रकाश शर्माको उपस्थितिमा पद्मकन्या क्याम्पसको हलमा सम्पन्न गरियो ।

हामी जुन समयमा सहकारी दर्ताको पहल गर्दै थियौं ठिक त्यहि समयमा काठमाण्डौ, बुटवल पोखरा र चितवनमा सहकारीका ठूल ठूला घोटाला काण्ड बाहिर आइरहेका थिए । अवस्था यस्तो थियो कि केही सहकारी संस्थाका बदमासीका कारण निर्दोष सहकारीका सञ्चालक तथा कर्मचारीहरुले पनि आफनो

परिचय लुकाएर हिड्नुपरेको थियो । पिडित बचत कर्ताहरु देशभभर सडक संघर्ष देखी आमरण अनसनसम्मका संघर्षमा थिए । यता राज्यले सहकारीमा देखा परेका समस्या हल गर्ने बाहनामा नयाँ संस्था दर्ताको काम रोकेको अवस्था थियो । सहकारी बिभागमा गएर नागरिक वा जनताको स्तरबाट संस्था दर्ताको कुरा गर्दा कर्मचारीले कुरै नसुन्ने फाइलै नलिने, उल्टै गलत नजिरको व्याख्या गरेर दर्ता रोक्ने, अनि पार्टीको तर्फबाट  पहल लिदाँ कुरा त सुन्ने तर घुमाउरो नजरले कानुनी छिद्रहरुमा टेकेर बाधा व्यवधान खडा गर्ने र जसरी पनि दर्ता हुन नदिने षड्यन्त्र भयो ।

हामी चाहन्थ्यौं कि संस्थाको कार्यक्षेत्र देशभर होस । त्यसका लागि सहकारी बिभागमा धेरै पहल गर्दा पनि भएन । २०७८ को माघमा क्याविनेटको निर्णयबाट नै बचत तथा ऋण सहकारी संस्था दर्ता नगर्ने निर्णय भयो तर सहकारी बिभागले यहि निर्णयलाई आधार बनाई बहुउद्धेश्यीय सहकारी पनि दर्ता नगर्ने भनी पन्छियो ।  त्यसपछि हामीले बागमती प्रदेश भर कार्यक्षेत्र राखेर संस्था दर्ता गर्ने प्रयासमा अगाडी बढ्यौं । बागमती प्रदेशको सहकारी ऐन २०७५ अनुसार प्रदेशभर कार्यक्षेत्र राख्नुपरेमा हेरक जिल्लाका ३० जना स्थायी बासिन्दाहरुको आवेदन चाहिने र सम्बन्धित पालिकाले समेत कार्यक्षेत्र राख्न  अनुमति दिनुपर्ने सहितको सिफारिस सहकारी मन्त्रालयलाई गर्नुपर्ने व्यवस्था रहेकोमा हामीले काठमाण्डौ र ललितपुर बाहेक अन्यत्र जिल्लाबाट न त  ३० जना आवेदक जुटाउन सकियो नत त स्थानिय तहबाट सिफरिस नै ल्याउन सकियो । परिणामस्वरुप नवयात्राको कार्यक्षेत्र दुइटा जिल्लामा सिमित हुन पुग्यो । सहकारी दर्ताको लागि स्थानीय आवेदक जुटाउने र पालिकाहरुसँग समन्वय गर्ने काममा पार्टी कमिटी नै परिचालन गर्नुभएको आदरणीय माइला लामा र बीपिन घिमिरे तथा पालिकाहरुसँग सहमति नभएता पनि महत्वपूर्ण सहयोग गर्नुभएकोमा आदरणीय नबीन बिश्वकर्माप्रति म बिशेष आभार व्यक्त गर्दछुं । साथै संस्था दर्ताको लागि आवश्यक पुजी जम्मा गर्ने र अन्य सहजता प्रदान गर्नुभएकोमा पार्टी हेड क्वार्टर र आदरणीय प्रवक्ताप्रति संस्थाको तर्फबाट बिशेष सम्मान व्यक्त गर्दछुं ।

खासगरि पार्टी पंक्तिभित्र बिकेन्द्रीत रहेको स्रोत साधानको संकलन र परिचालन मार्फत वित्तीय पुजी निर्माण गरि उत्पादनमूलक क्षेत्रमा लगानीका माध्यमबाट आत्मनिर्भर अर्थतन्त्रको बिकास गर्ने मुख्य उद्धेश्य सहित यो सहकारी संस्थाको स्थापना गरियो ।

सहकारी प्रति सिंगो पार्टीको ठूलो भरोसा र अपेक्षा थियो । त्यपार्टीसंग पैसा जतिपनि छ त्यो पैसा सहकारीमा राखेर संस्था चलाउनपर्छ भन्ने मनसायले उकातिर र हर्कोतिर सिमित स्रोतधानको  सहकारी आन्दोलन वास्तवमा समाजवादी आन्दोलन नै हो । समाजलाई आर्थिक सामाजिक तथा सास्कृतिक शोषणबाट मुक्त गर्न सहकारीको भूमिका महत्वपूर्ण रहन्छ । समुदायमा छरिएर रहेको स सानो रकम श्रम र सिपलाई  एकत्रित गरि पुजी निर्माण गर्ने र उक्त पुजी निर्माण गर्ने र उत्पादनमा लगाई सामाजिक बिकास गर्ने सहकारीको मूल लक्ष्य हो ।

## संस्थाको हालसम्मको प्रगति समिक्षा

संस्थाको प्रगति समिक्षालाई वित्तीय र गैरवित्तीय गरि दुई भागमा बिभाजन गरिएकोछ । वित्तीय विवरणहरुको प्रगति समिक्षाको लागि गत दुई आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदनको वासलातको विवरणहरुलाई यहाँ प्रस्तुत गरिएको छ ।

क) वित्तीय प्रगति समिक्षा

**ख) गैरवित्तीय समिक्षाः**

१. सदस्य संख्या : जम्मा सदस्य संख्या : ३५३ संस्थागतः १२ जम्मा :३६५

२. कार्यालय व्यवस्थापन र सञ्चालन

- ✓ संस्थाको कार्यालय महाराजगञ्जमा रहेकोछ ।
- ✓ कार्यालय व्यवस्थापनलाई बैंकिङ मापदण्ड अनुरुपको बनाइएकोछ ।

**३. डिजीटाइजेशन**

- ✓ सिबीएस सफ्टवेयर मार्फत कारोबार गरिएकोछ ।
- ✓ संस्थालाई पूर्ण रुपमा पेपरलेस गरिएकोछ ।
- ✓ संस्थाको वेबसाइट बनेको छ । सदस्य बन्ने देखी कर्जा माग गर्ने सम्मका कार्यहरु वेबसाइटबाटै गर्न सकिन्छ ।

**४.डिजीटल बैंकिङ सुविधा**

- ✓ Infodev Developers र लक्ष्मीसनराइज बैंकसँगको सहकार्यमा संस्थाले आफ्नै मोबाइल एप प्रयोगमा ल्याएकोछ । उक्त एप प्रयोगकर्तााको संख्या ५२ रहेकोछ ।
- ✓ ग्लोबल आइएमई बैंक, राष्ट्रिय सहकारी बैंक र SCT सँगको सहकार्यमा संस्थाले आफ्नै ATM card प्रयोगमा ल्याएकोछ । ATM card प्रयोगकर्ताको संख्या २८ रहेकोछ ।
- ✓ Esewa, Khaltim सँगको सहकार्यमा Fund Transfer र Utility Payment सम्बन्धी सविधा सुरु गरिएकोछ ।
- ✓ Fone Pay र Connect IPS संगको सहकार्यमा QR सुविधा उपलब्ध गरिएकोछ ।
- ✓ संस्थाको Merchant QR प्रयोगमा ल्याएकोछ ।
- ✓ Fone Pay र Connect IPS सँगको सहकार्यमा सेवा सञ्चालन गरिएकोछ ।

**४. सदस्य सेवा**

- ✓ संस्थाका सदस्यहरुलाई उपचारमा छुट तथा सहुलियत प्रदान गर्न ग्रीनसिट अस्पतालसँग छुट सुविधा सम्बन्धी सम्झौता गरिएकोछ ।

**५. आबद्धता, सहभागिता र समन्वय**

- ✓ संस्थालाई राष्ट्रिय सहकारी बैंकसँग आबद्ध गरिएकोछ ।

- ✓ राष्ट्रिय सहकारी बैंक, राष्ट्रिय सहकारी महासंघ लगायत सहकारीका नेतत्वकारी निकायहरुका गोष्ठी सेमीनार र कार्यक्रममा संस्थाको तर्फबाट सहभागी भइएकोछ ।
- ✓ कर्जा सूचना केन्द्र (Credit Information Beauro ) संस्थालाई आबद्ध गरिएकोछ। यसबाट ऋण असूलीको जोखिमलाई न्यूनकिरण गर्न मद्धत पुग्नेछ ।

## ६. नीति

- ✓ संस्थालाई आवश्यक पर्ने नीतिहरु बनाई लागु गरिएकोछ । हालसम्म संस्थामा लागु गरिएका नीतिहरु : सदस्यता नीति, बचत नीति, ऋण नीति, सम्पत्ति शुद्धिकरण निवारण कार्यबिधि, कर्मचारी निति, आर्थिक प्रशासन नीति लागु गरिएका छन ।

**आदरणीय महानुभाबहरु**

खासगरि पार्टी पंक्तिभित्र बिकेन्द्रीत रहेको स्रोत साधानको संकलन र परिचालन मार्फत वित्तीय पुजी निर्माण गरि उत्पादनमूलक क्षेत्रमा लगानीका माध्यमबाट आत्मनिर्भर अर्थतन्त्रको बिकास गर्ने मुख्य उद्धेश्य सहित यो सहकारी संस्थाको स्थापना गरिएको हो । यहाँसम्म आउँदा संस्थाले नीतिगत, कानुनी र प्राविधिक र संरचनागत रुपमा सम्पूर्ण आधारहरु तयार भएको अवस्था छ । अबका भाबी दिनहरु संस्थाको लक्ष्य प्राप्तिको दिशामा केन्द्रित हुनेछन भन्ने पूर्ण बिश्वास दिलाउन चाहन्छुँ ।